अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

स्वर्गद्वारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: २ संख्या: ३ मिति: २०७४/१२/०८

भाग-२

स्वर्गद्वारी नगरपालिका

५ नं. प्रदेश प्यूठान

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम नगर कार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको कार्याविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**संवत २०७४ सालको कार्यविधि संख्या : ३**

## स्वर्गद्वारी नगरपालिकाका पदाधिकारीहरुकोआचारसहिता, २०७४

### प्रस्तावना

नेपालको संविधान बमोजिम सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास गर्दै सङ्घ, प्रदेश र स्थानीय तहबीच सुमधुर अन्तरसरकार सम्बन्ध कायम गर्न, स्थानीय शासन व्यवस्थामा जनताको अर्थपूर्ण सहभागिता प्रबर्द्धन गर्द



Scanned with CamScanner

बढी जनमुखी, सेवामुखी, जनउत्तरदायी, पारदर्शी तथा सुशासनयुक्त स्थानीय शासनको प्रत्याभूति गर्न,

स्थानीय तहलाई जनताको विश्वासिलो शासन एकाइका रुपमा स्थापित गर्न, स्थानीय तहबाट समाजका विभिन्न वर्ग, धर्म, लिङ्ग जातजातिका मौलिक संस्कृतिप्रति सम्मान र सहिष्णु भावनाको विकास गर्न तथा कानूनी राज्य, संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरुको न्यायोचित वितरण र दीगो विकासको अवधारणालाई मूर्त रुप दिन हामी जनताबाट निर्वाचित पदाधिकारीको आचरण र क्रियाकलापरुलाई सोही अनुरुप मर्यादित र नमुनायोग्य तुल्याउन,

स्वर्गद्वारी नगरपालिकाका जनप्रतिनिधिहरुले नगर कार्यपालिकाको वैठकबाट पारित गरी यो स्वर्गद्वारी नगरपालिकाका पदाधिकारीको आचारसंहिता बनाई लागू गरेको छौ ।

## भाग-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो आचारसंहिताको नाम "स्वर्गद्वारी नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता,२०७४" रहेको छ ।

(२) यो आचारसंहिता नगर कार्यपालिकाको वैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

(क) "प्रमुख" भन्नाले स्वर्गद्वारी नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ख) "अनुगमन समिति" भन्नाले यस आचारसंहिताको दफा १४ बमोजिम गठित आचारसंहिता अनुगमन समिति सम्झनुपर्छ ।

(ग) "आचारसंहिता" भन्नाले स्वर्गद्वारी नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४ सम्झनुपर्छ ।

(घ) "उपप्रमुख" भन्नाले स्वर्गद्वारी नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।



(ङ) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्वर्गद्वारी नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(छ) "नगरपालिका" भन्नाले स्वर्गद्वारी नगरपालिका सम्झनुपर्छ ।

(ज) "पदाधिकारी" भन्नाले स्वर्गद्वारी नगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिकाका सदस्य अन्य सदस्य समेतलाई सम्झनुपर्छ । यस शब्दले नगरपालिकाले आफ्नो कार्यसम्पादनका सिलसिलामा गठन गरेका जुनसुकै समिति वा उपसमिति वा कार्यदलका सदस्यहरु समेतलाई सम्झनुपर्दछ ।

(झ) "सभा" भन्नाले स्वर्गद्वारी नगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

**३.३ संघीय लोकतान्त्रिक गणन्त्रात्मक शासन प्रणाली, स्वशासन र स्वायत्त शासन, संघ, प्रदेश र स्थानीय तहबाट राज्यशक्तिको प्रयोग तथा विश्वव्यापी मानब अधिकार र मौलिक अधिकारका मान्य सिद्धान्तको प्रबर्द्धन गर्न,**

(क) जनतामा निहित सार्वभौमसत्ता, स्वशासन तथा स्वायत्त शासन, संघ, प्रदेश र स्थानीय तहबाट राज्यशक्तिको प्रयोग, संघीय लोकतान्त्रिक गणतन्त्रका मान्य सिद्धान्तहरुलाई उच्च सम्मान र आत्मसात गरिनेछ ।

(ख) संघीय लोकतान्त्रिक प्रणाली, स्थानीय स्वायत्तता र तल्लो तहमा अधिकारको विकेन्द्रीकरणका सिद्धान्त तथा नीतिलाई अनादर गर्ने, जनताप्रतिको उत्तरदायित्वलाई अस्वीकार गर्ने, अवहेलना गर्ने, अन्तरसरकार सम्बन्ध एवं स्थानीय तहहरु र साझेदार संघ सस्थासंगको कानून बमोजिमको सम्वन्धमा खलल पर्ने जस्ता कुनै लेख, समाचार, भाषण, वक्तव्य प्रकाशन वा प्रसारण गर्नु वा गराउनु हुदैन । तर यस कुराले उल्लिखित विषयमा अनुसन्धानमुलक कुनै लेख, रचना प्रकाशित गर्न सो अनुरुप धारणा राख्न रोक लगाएको मानिने छैन ।

**३.४ साधन श्रोतको दुरुपयोग नगर्ने:**

(क) कानून बमोजिम आफुले पाउने सेवा सुविधा बाहेक स्थानीय तहको साधन, श्रोत, नगद वा जिन्सी कुनै पनि प्रकारले मास्न, उपभोग गर्न र दुरुपयोग गर्ने गराउने छैनौ ।



Scanned with CamScanner

(ख) कुनै पनि पदाधिकारीले सार्वजनिक श्रोतको प्रयोग गर्दा अधिकतम सदुपयोग र उत्पादनशील कार्यमा प्रयोग गर्नेछौ ।

**३.५ आफ्नो जिम्मेवारीको प्रभावकारी कार्यान्वन गर्ने गराउने,**

(क) कुनै पनि पदाधिकारीले कानूनले तोकिए बमोजिमका पदाधिकारीहरुलाई पूर्व जानकारी नदिई आफ्नो सेवा दिने स्थान छोडि अन्यत्र जानु हुदैन ।

(ख) पदाधिकारीले प्रचलित कानूनमा तोकिए भन्दा बढि समयका लागि आफ्नो कार्यक्षेत्र छोडनु पर्दा वा कार्यक्षेत्र भन्दा बाहिर जानुपर्ने भएमा कानूनले तोके बमोजिमका जनप्रतिधि वा पदाधिकारीलाई आफ्नो पर्दको अख्तियारी नदिई जानु हुदैन ।

**३.६ गैर कानूनी आश्वासन लाई निरुत्साहित गर्ने,**

(क) संविधान तथा प्रचलित कानूनले दिएको अधिकारक्षेत्र भन्दा वाहिरका काम गरीदिन्छु भनि कसैलाई आश्वासन दिनु हुदैन ।

(ख) कानून बमोजिम गर्नुपर्ने काम गर्न वा सेवा दिनका लागि आनाकानी वा ढिलाई गर्ने, जानी जानी अनावश्यक झंझट थप्ने वा आफ्नो अधिकार वाहिरको काम गरिदिन वा गराईदिनेछु भनि आश्वासन वा भरोसा पर्ने कुनै काम गर्नु वा गराउनु हुदैन ।

(ग) स्थानीय तहका पदाधिकारीहरुले ऐनले तोकिएको योजना तर्जुमा प्रक्रियाको जानकारी नदिई कुनै व्यक्ति, संस्था वा समुदायलाई स्थानीय तहको योजना बाहेकका कुनै कार्यक्रम वा योजना स्वीकृत गरिदिन वा गराईदिने आश्वासन दिनु हुदैन ।

(घ) आफ्नो लागि वा अरु कसैको लागि अनुचित लाभ पुग्ने गरी पदको दुरुपयोग गर्ने कार्य गर्नु गराउनु हुदैन ।

**३.७ राजनीतिक आस्थाका आधारमा भेदभावपूर्ण कार्य नगर्ने,**

(क) राजनीतिक आस्था वा विचारका आधारमा कार्यपालिका वा सभाका सदस्यहरु वा कर्मचारीहरु वा सेवाग्राही तथा आम नागरिकहरुसंग तेरो मेरोको भावना राखी कुनै कार्य गर्नु/गराउनु हुदैन ।

(ख) आफु सम्वद्ध राजनीतिक दल वा सम्वद्ध कुनै निकाय वा संघ संस्थालाई मात्र लाभ पुग्ने वा सुविधा हुने गरी कुनै निर्णय वा योजना वा कार्यक्रम कार्यान्वयन गरिने छैन ।

**३.८ सामाजिक सौहार्दता र समावेशीकरणप्रति दृढ संकल्पित रहने,**

(क) सामाजिक सदभाव तथा सौहार्दता खलवलाउने गरी कुनै कार्य गर्न नहने : विभिन्न जातजाती, धर्म, वर्ग, क्षेत्र, सप्रदायवीच सामाजिक



सदभाव र सौहार्दता खल्बल्याउने कुनै काम वा अन्य कुनै व्यवहर गर्नु वा गराउनु हुँदैन । कुनै सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने गरी क्रियाकलाप गर्नु गराउनु र प्रचार प्रसार गर्नु गराउनु हुदैन ।

(ख) छुवाछुतलाई प्रश्रय दिने व्यवहार गर्नु हुँदैन । कुनै बिचार व्यक्त गर्दा जातीय, धार्मिक, सांस्कृतिक वा वा सामाजिक विद्धेष वा धार्मिक भेदभाव जनाउने खालका काम कुरा गर्ने वा उखान टुक्का प्रयोग गर्ने वा कुनै जाती, धर्म, संस्कृति वा समुदायको स्वाभिमानमा धक्का लाग्ने वा आघात पुग्ने खालका शब्द/वाणीहरुको प्रयोग गर्नु हुदैन ।

(ग) कुनैपनि जातजाति, धर्म, वर्ण, लिङ्ग आदिका आधारमा भेदभाव गर्नु हुँदैन तथा सबै समुदायका कानूनी हकहित र मौलिक संस्कृतिप्रति बोली र व्यवहार दुबै तवरबाट प्रतिकुल असर पर्ने कार्य गर्नु गराउनु हुदैन ।

(घ) कुनै पनि समुदायको परम्परादेखिको धर्म अवलम्वन गर्ने धार्मिक स्वतन्त्रताको सम्मान गर्नुपर्नेछ तर, आफ्नो क्षेत्रभित्र कसैको धर्म परिवर्तन गर्ने गराउने कुनै पनि क्रियाकलाप हुन दिनु हुदैन ।

(ङ) कुनै विदेशी नागरिक वा संस्थाले नेपालको सभ्यता, नेपाली जनताबीचको सदभाव बिगार्ने वा भडकाउने काम गरेको वा गर्न लागेको जानकारी भएमा तत्काल सम्बन्धित निकायमा सुचित गर्नु पर्नेछ ।

**३.९ पदाधिकारीबीच कार्यजिम्मेवारीको न्यायोचित बाँडफाँड गर्ने :**

(क) पदाधिकारीहरुबीच जिम्मेवारी, अधिकार वा सुबिधा वा दायित्वको बाँडफाँड गर्दा राननीतिक दलसँगको सम्वद्धता वा राजनीतिक आस्था वा महिला वा पुरुष वा सामाजिक समावेशीकरणका आधारमा भेदभाव गर्नु हुदैन। तर कानून बमोजिम बिशेष जिम्मेवारी र अवसर दिनका लागि उल्लेखित प्रावधानले रोक लगाएको मानिने छैन ।

**३.१० कसैको स्वाभिमान र अस्तित्वमा कुनै आँच आउन नदिने,**

(क) पदाधिकारीले सबैसंग शिष्ट र मर्यादित बानी तथा शब्दको प्रयोग गर्नुपर्नेछ । शालिन र स्वभाविक सामाजिक आचारहरु गर्नुपर्नेछ । जनतासंग हार्दिक, नम्र र आदरपूर्वक व्यवहार गर्नुपर्नेछ ।

(ख) पदाधिकारीबाट कार्यपालिका र सभाका सदस्यहरु, स्थानीय तहमा कार्यरत कर्मचारीहरुमा एक अर्का प्रति झुठा लान्छना लगाउने, रिस राग द्वेष राख्ने तथा एकअर्काको विषयमा अप्रासांगिक टिकाटिप्णी गर्नु वा अतिसयोक्ति पूर्ण अभिव्यक्ति दिइनेछैन ।

(ग) पदाधिकारीले निर्वाचित जनप्रतिनिधि, कर्मचारी, सेवाग्राहीप्रति राम्रो व्यवहार र शिष्ट भाषाको प्रयोग गर्नेछन ।



Scanned with CamScanner

(घ) पदाधिकारीले संस्थागतरुपमा कुनै धारणा व्यक्त गर्दा स्थानीय तह, यसका निर्णयहरु वा कुनै पादाधिकारी वा कर्मचारीलाई होच्याउने वा अनादर गर्ने भाषा अभिव्यक्ति दिनु वा दिन लगाउनु हुदैन ।

(ङ) पदाधिकारी तथा कर्मचारीबीच एकअर्काको काम, पेशागत मर्यादा र कार्यगत स्वायत्तताको सम्मान गर्ने वातावरण सिर्जना गर्नुपर्नेछ ।

(च) पदाधिकारीहरुले एकअर्काको व्यक्तिगत रुपमा टिकाटिप्पणी गर्नु हुदैन तर पदाधिकारीको काम सँग सम्वन्धित विषयमा स्वस्थ रुपमा एक अर्काका कमीकमजोरी तथा सबल पक्षहरुलाई औल्याउन कुनै बाधा पुग्ने छैन ।

(छ) पदाधिकारीहरुले एकअर्काको विषयमा सकारात्मक तवरले छलफल गर्ने, सुझाव दिने, आलोचना तथा टिप्पणीहरु राख्नुपर्नेछ र एकअर्कालाई पदीय काम गर्नमा सहयोग, उत्साह र प्रेरणा प्रदान गर्नु पर्नेछ ।

**३.११ सामाजिक मान्यता विरुद्धका आचारहरु निरुत्साहित गर्ने,**

(क) कार्यलय समयमा वा पदीय कामका शिलशिलामा माद्यक वा लागु पदार्थको सेवन गर्नुहुदैन । कार्यलय हाताभित्र तथा सार्वजनिक सवारी, समारोह, वैठक, आदि स्थलहरुमा मद्यपान, धुम्रपान, खैनी, सुर्ति, गुड्खा वा पान सेवन गर्नु हुदैन ।

(ख) अन्ध विश्वास, अपसंस्कृति, रुढिवाद जस्ता पुरातन एंव अवैज्ञानिक मान्यता तथा चालचलन विरुद्धको सामाजिक रुपान्तरण प्रक्रियामा सक्रिय सहभागिता जनाउने किसिमका कार्यहरु गर्नुपर्नेछ ।

(ग) पदाधिकारीहरुले सार्वजनिक स्थल तथा खुला ठाँउमा जुवा, तास खेल्ने, वाजी लगाउने जस्ता व्यवहारहरु गर्नुहुदैन ।

(घ) पदाधिकारीले कानूनतःमानवअधिकारको हनन ठहरिने, कानूनले बन्देज लगाएका तथा सभा वा कार्यपालिकाले आफ्नो क्षेत्र भित्र सामाजिक मर्यादा विपरितका भनि तोकेका समुदायमा प्रचलित कुरितिहरुले बढावा पाउने व्यवहार गर्नुहुदैन ।

(ङ) विभिन्न जातजाती वा धर्म संम्प्रदायका प्रचलित सामाजिक सस्कारहरु जस्तै विवाह, वर्तवन्ध, पास्नी, जन्मउत्सव, भोज, आदिमा समुदायमा गलत प्रतिस्पर्धाको भावना ल्याउने खालका तडक भडक गर्नुहुदैन र तडक भडक गर्न अरुलाई प्रोत्साहन गर्नु हुदैन ।

(च) पदाधिकारीको हैसियतले कुनै निर्णय गर्दा राजनीतिक, सामाजिक, आर्थिक वा कुनैपनि आधारमा तेरो मेरो भन्ने पक्ष नलिई तटस्थ भूमिका



निर्वाह गर्नू पर्दछ ।

(छ) लिङ्ग, उमेर, भाषा, धर्म, आर्थिक अवस्था आदिका आधारमा भेदभाव जनाउने गरी अरुको सामाजिक संस्कार वा वर्गीय हकहितका विषयहरुमा नकारात्मक टिप्पणी गर्नु हुदैन । पदाधिकारीहरुले आफ्नो क्षेत्र भित्र विद्यमान सामाजिक कुरिति तथा कुसंस्कारका रुपमा रहेका बालबिबाह, बहुविबाह, लैंगिक हिंसा, छाउपडी, बोक्सा बोक्सी, दहेज दाईजो, छुवाछुत, जातिगत उच निचता, व्यक्तिगत घटना दर्ता नगर्ने प्रवृति, खोप नलगाउने अवस्था, खुल्ला दिशा आदि जस्ता प्रथा प्रचलनलाई निर्मुल गर्न सक्रिय हुन पर्नेछ ।

**३.१२ स्थानीय तहवाट प्रदान गरिने सेवा, सुविधा, निर्णय प्रक्रिया र सुचनामा जनताको पहुच बढाउन,**

(क) प्रत्येक नागरिकलाई सरोकार हुने सेवा सुविधा र निर्णयबारे सुचना माग भएमा उपलब्ध गराउनु पर्नेछ ।

तर प्रचलित कानून तथा आचार संहितामा उल्लेख भएको तरिकाले वाहेक कुनै पदाधिकारी, व्यक्ति वा समुहलाई आर्थिक कारोवारमा लाभ वा हानि पुग्ने वा कसैको सम्पत्ति वा जिउ-ज्यानमा हानि नोक्सानी पुग्ने सुचनाहरु र गोप्य राख्नुपर्ने कुरा प्रसारण वा सार्वजनिक गर्नु वा गराउनु वा उपलब्ध गराउनु हुदैन ।

(ख) शान्ति सुरक्षा, राष्ट्रिय अखण्डता, समुदायको सौहार्द सम्वन्धमा खलल पर्ने खाले सुचनाहरु सार्वजनिक गर्नु वा गराउनु हुदैन ।

**३.१३ बदनियत तथा अनधिकृत काम गर्न गराउनबाट रोक्ने,**

(क) प्रचलित कानून बमोजिम आफुलाई प्राप्त अधिकारको प्रयोग गर्दा बदनियत वा स्वच्छाचारीरुपमा गर्नु वा गराउनु हुदैन । यस्तो अधिकारको प्रयोग खुला एवम सहभागितामुलक रुपमा छलफल गरी गर्नु पर्नेछ ।

(ख) आफू वा अन्य कुनै व्यक्ति वा संस्थावाट अन्य पदाधिकारी वा कार्यालय-संघ संस्था वा कर्मचारी वा व्यक्तिलाई अनधिकृत काम गराउनु हुदैन ।

**३.१४ लैंगिक समानताको प्रवर्द्धन गर्ने,**

(क) कसैलाई लिङ्गको आधारमा भेदभाव झल्काउने कुनै कार्य गर्नु हुदैन ।

(ख) लिङ्गको आधारमा कसैको क्षमता माथि आँच आउने गरी कुनै कामकाज गर्ने नीति, कानून वा संरचना बनाइने छैन ।

(ग) फरक लिङ्गका पदाधिकारी, कर्मचारी, सेवाग्राही तथा आम



Scanned with CamScanner

नागरिकप्रति अस्वस्थ आलोचना गर्ने, जिस्काउने तथा उनीहरुको मनोवल घटाउने खालका अभिव्यक्ति दिने, दिन लगाउने वा कुनै पनि माध्यमबाट कुनै यौनजन्य दुरासय हुने खालका कुनै कामकारवाही गर्न गराउन वा यौनजन्य अश्लिल तस्वीरहरु प्रकाशित गर्ने, पर्दशन गर्ने, आशय देखाउने, अनुचित लाभका दृष्टिले काममा अल्झाउने जस्ता हैरानी पार्ने व्यवहार गर्नु वा गराउनु हदैन।

(घ) लेखेर, वोलेर, भाषण गरेर वा जुनसुकै माध्यमबाट पनि महिला तथा पुरुषवीचमा भेदभाव जनाउने खालका काम वा व्यवहार गर्न वा उखानटुक्का, थेगो वा शब्दहरुको प्रयोग गर्नु गराउनु हदैन।

(ङ) लैंगिक आधारमा भएका घरेलु हिंसा र भेदभावका घटनाहरुलाई लुकाउने र गोप्य राख्ने कार्य गर्ने वा सहयोग पुऱ्याउने गर्नु गराउनु हुदैन।

**३.१५ वालबालिकाको सर्वाङ्गिण विकास र हकहित प्रति सचेत रहने**

(क) वालवालिकाको सार्थक सरोकारका विषय तथा स्थानीय विकास र शासन प्रकृयामा वालवालिकाको सार्थक सहभागितालाई होच्याउने वा अवमुल्यन गर्ने विचार, अभिव्यक्ति दिन वा त्यस्तो व्यवहार गर्न गराउन हुदैन।

(ख) आफ्नो परिवारमा वालश्रमिक राख्नु हुदैन। समुदायमा वालश्रम वा वालशोषणलाई संरक्षण वा प्रोत्साहन हुने कुनै किसिमका क्रियाकलाप गर्न गराउन पाइने छैन।

**४. सार्वजनिक सम्पत्तिको प्रयोग तथा सुविधा सम्वन्धी आचारहरु:**

सार्वजनिक सम्पत्तिको प्रयोग तथा सुविधा सम्वन्धमा देहायका आचारहरु पालना गर्न प्रतिवद्धता गर्दछौ।

४.१ पदाधिकारी तथा कर्मचारीको सुविधाका लागि छुट्याईएको सेवा सुविधा वा भत्ता आफ्नो आन्तरिक श्रोतको कति अंश हुन आउछ भन्ने एकीन गरी सभामा छलफल गरी आम नागरिकलाई जानकारी दिई किफायती रुपमा न्यूनतम सुविधाको व्यवस्था गरिनेछ।

४.२ पदाधिकारीले कानून वमोजिम तथा कार्यालयको कामका वाहेक स्थानीय तहको मानवीय, आर्थिक वा भौतिक साधन श्रोतको आफू वा अन्य कुनै व्यक्तिवाट प्रयोग वा उपयोग गर्नु वा गराइने छैन।

४.३ आफ्नो पदीय ओहोदाको आधारमा कुनै समिति, संस्था वा व्यक्तिहरुवाट निजी सेवा तथा सुविधाहरु लिन वा लिन लगाईने छैन।



४.४ स्थानीय तहको सेवा प्राप्त गरे वा सार्वजनिक सम्पत्तिको प्रयोग गरेवापत पदाधिकारी, कर्मचारी वा अन्य कुनै व्यक्ति वा संस्थाले कानून बमोजिम तिर्नु वझाउनु पर्ने कर, शुल्क, सेवा शुल्क, दस्तुर, भाडा बुझाउनबाट छुट लिनेदिने गरी निर्णय गर्नु वा गराउनु हुँदैन।

४.५ स्थानीय तहका पदाधिकारीहरुले आफूले प्राप्त गर्ने सुविधाहरुको विवरण आम जानकारीका लागि सार्वजनिक गर्नुपर्नेछ।

**५. नीति निर्माण, योजना तर्जुमा र निर्णय गर्दा पालन गर्नुपर्ने आचारहरु :-**

नीति निर्माण, योजना तर्जुमा र निर्णय गर्दा देहायका आचारहरुको पालन गर्न गराउन देहाय बमोजिम गर्नु पर्नेछ,

**५.१ निर्णय प्रकृयामा भाग लिनुपर्व बैठकमा जानकारी दिनुपर्ने**

(१) पदाधिकारीले आफू समेत संलग्न भइ कुनै निर्णय गर्नुपर्ने बैठकमा छलफलमा भाग लिनुपूर्व देहाय बमोजिका सूचनाहरु दिनुपर्नेछ :

(क) स्थानीय तहको भर्ना प्रकृया, खरीद, बिक्रि वा ठेक्कापट्टाको निर्णय प्रकृया, कुनै किसिमको दण्ड जरिवाना वा मिनाह गर्ने निर्णय प्रकृया, कनै पक्षसंगको सम्झौताको म्याद थप वा खारेजीका विषयमा वा त्यस्तै कुनै निर्णय गर्नुपर्ने विषयसँग सम्बन्धित व्यक्तिसंग आफ्नो कुनै स्वार्थ वा रिसइवी वा लेनदेन वा अन्य कुनै प्रकारको नाता, सम्वन्ध रहेको भए सो कुरा,

(ख) स्थानीय तहको नीति निर्णयबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा लाभ वा हानी हुने व्यक्ति, संस्था, पक्ष वा कम्पनीसँग लिनुदिनु भए सोको विवरणहरु

(ग) कुनै पेशा वा व्यावसायिक संघसंस्थामा पदाधिकारीहरुको प्रतिनिधित्व, लगानी, शेयर, हित वा स्वार्थ भए सोको बिवरण र त्यस्तो काममा लगाउने संस्था सम्वन्धी विवरण,

(घ) यदि कुनै पदाधिकारीको निर्णय गर्नुपर्ने पक्ष वा विषयसंग सम्वन्ध रहेछ भने बैठकको अध्यक्षले त्यस्तो पदाधिकारीलाई बैठकको निर्णय प्रकृयामा तटस्थ रहन वा भाग नलिनका लागि निर्देशन गर्नुपर्नेछ।

(ड.) पदाधिकारीले कुनै विकास निर्माण कार्यको लागि गठन हुने उपभोक्ता समितिमा रही कार्य गर्नु हुदैन।

**५.२ सहभागितामूलक तथा पारदर्शीरुपमा नीति निर्माण र निर्णय गर्ने :**

(क) पदाधिकारीहरुले योजनाको छनौट, प्राथमिकीरण, कार्यान्वय,



Scanned with CamScanner

अनुगमन, मूल्याङ्कनका विषयहरुमा लाभग्राही, उपभोक्ता तथा सरोकारवाला समूहको व्यापक सहभागिता र प्रतिनिधित्व गराएर निर्णय गर्नुपर्नेछ।

(ख) स्थानीय तहबाट निर्णय दिनुपर्ने विषयहरु, नियुक्ति वा सेवा सुविधा दिने वा लिने विषयका कुराहरु पारदर्शीरुपमा गर्नुपर्नेछ।

(ग) स्थानीय तहबाट बैठकहरु आम जनताका लागि खुला गर्न उचित प्रकृयाहरु निर्धारण गर्नुपर्नेछ।

(घ) निर्णय गर्दा कानूनले तोकेको अवधिभित्र निर्णय गर्नुपर्छ। कानूनले समय नतोकेको अवस्थामा विषयको प्रकृति हेरी यथासम्भव छिटो र उपयुक्त समायावधिभित्र निर्णय गर्नुपर्नेछ।

तर, कुनै कारणले निर्णय गर्न लाग्ने समयावधि लम्बिने भएमा वा निर्णय गर्न नसकिने भएमा सोको तथ्यपूर्ण जानकारी सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

(ङ) पदाधिकारीले नागरिक वा सेवाग्राहीलाई नअल्याउने गरी स्पष्ट राय तथा सल्लाह दिनु पर्नेछ।

**६. पुरस्कार, उपहार, दान, चन्दा वा निजी सेवा, सुविधा र लाभ ग्रहण सम्बन्धी आचरण :**

पुरस्कार, उपहार, दान, चन्दा, वा निजी सेवा, सुविधा र लाभ ग्रहण सम्बन्धमा देहायका आचारहरुको पालन गर्न गराउन प्रतिवद्ध रहदै,

(क) कानून बमोजिम आफ्नो कर्तव्य निर्वाह गर्ने सिलसिलामा कसैबाट कुनै प्रकारको नगद वा सेवा सुविधाको रुपमा उपहार, पुरस्कार, चन्दा लिनु हुदैन। त्यस्तो सेवा सुविधा दिनका लागि वाध्य पार्ने कुनै व्यवहार गर्नु वा गराउनु हुँदैन।

(ख) स्थानीय तहसंग कुनै खास विषयमा स्वार्थ निहित भएको वा सम्भाव्य स्वार्थ भएको कुनै पनि व्यक्तिबाट कुनै प्रकारको मैत्रीव्यवहार र आमन्त्रण, भोजभतेर, खानपिन, मनोरञ्जन, वसोवास, सुविधा, भाडा सुविधा आदि लिनु वा दिनु हुदैन।

(ग) पदाधिकारीहरुले आफ्नो स्थानीय तहलाई जानकारी नदिई कुनै व्यक्ति, संस्था वा निकायवाट दान, वक्सिस, चन्दा, उपहार, स्वीकार गर्नु हुदैन।

**७. सामुदायिक संघसंस्था, निजी क्षेत्र, विकास साझेदार, गैर सरकारी संस्थासंगको साझेदारी :**

विकास साझेदार, गैर सरकारी संस्था, सामुदायिक संघसंस्था, निजी



क्षेत्रसंगको साझेदारी गर्दा देहायका आचारहरुको पालन गर्न प्रतिवद्ध रहदै,

(क) विकास साझेदार निकाय, गैर सरकारी संस्था, सामुदायिक संघसंस्था, निजी क्षेत्रसंग संस्थागत सम्बन्ध र समन्वय प्रवर्द्धन गरिनेछ। व्यक्तिगत लाभहानीका आधारमा व्यवहार गरिने छैन।

(ख) विकास साझेदार निकाय, गैर सरकारी संस्था, सामुदायिक संघसंस्था, निजी क्षेत्रसँगको आफ्नो क्षेत्रभित्रको योजना, कार्यक्रम, बजेट तथा प्रतिवेदन कार्यलाई एकीकृत रुपमा अगाडी बढाइनेछ।

**८. निष्पक्षता, सम्मान र कदरपूर्ण व्यवहार सम्बन्धी आचरणहरु :**

पदाधिकारीले आफ्नो कार्यसम्पादन गर्दा निष्पक्षता, सम्मान र कदरपूर्ण रुपमा गर्न देहायका आचारहरुको पालन गरिनेछ,

(क) स्थानीय तहको संस्थागत एवम कार्यगत स्वतन्त्रता र निष्पक्षता अभिबृद्धि गर्न प्रयत्नशील रहने।

(ख) पदाधिकारीले पदीय कर्तव्य निर्वाह गर्दा बाह्य वा आन्तरिक क्षेत्रबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपले आउने प्रभाव, प्रलोभन, दवाव, भनसुन, धम्की, आग्रह, आदिबाट प्रेरित वा प्रभावित नभई कार्य सम्पादन गर्ने।

(ग) आफ्नो पदीय कर्तव्य पुरा गर्दा मोलाहिजा नराखी निर्भिक र स्वतन्त्रतापूर्वक कार्य सम्पादन गर्ने गराउने।

(घ) कुनै कर्मचारीलाई कार्य सम्पादनको सिलसिलामा अनुचित प्रभाव पार्न वा दबाब नदिने।

(ङ) कर्तव्य पालना गर्दा जानकारीमा आएको कानून बमोजिम गोप्य राख्नुपर्ने विषय वा कागजात वा व्यहोरा प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट प्रकाशन गर्न वा गराउन नहुने।

(च) पदाधिकारीले आफुले गर्ने काम निर्धारित समयभित्र सम्पादन गरिनेछ। कानून बमोजिम सम्पादन गर्नुपर्ने काम समयभित्रै सम्पन्न नगरी आफुले गर्ने काम पन्छाउन नहुने।

**९. अन्य आचरणहरु :**

अन्य आचरणहरु देहाय बमोजिम गर्न प्रतिवद्ध रहनेछौ,

(क) आफ्नो सम्पत्तिको विवरण तोकिएको समयभित्र सम्बन्धीत निकायमा बुझाई सार्वजनिक गर्नु•पर्नेछ।

(ख) स्थानीय तहको काममा कुनै प्रकारको असर पर्न सक्ने गरी वा संविधान र प्रचलित कानुन विपरित हुने गरी स्थानीय तहको स्वीकृती विना कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली, उपहार आफुले



Scanned with CamScanner

हुन आएमा स्थानीय तहमा सो कुराको सूचना दिई निर्णय भए बमोजिम गर्नु पर्नेछ ।

(ग) स्थानीय तहको पूर्व स्वीकृती बिना कुनै कामको निमित्त कुनै किसिमको चन्दा मागन वा त्यस्तो चन्दा स्वीकार गर्न वा कुनै किसिमको आर्थिक सहायता लिनु हुदैन ।

(घ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको काम कारवाहीमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पत्रपत्रिकामा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, अनलाइन समाचार माध्यम वा सामाजिक सञ्जाल वा रेडियो वा टेलिभिजनद्धारा प्रसारण गर्न गराउन हुदैन ।

(ङ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको नीतिको विरोधमा सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुदैन ।

(च) मुलुकी ऐन विहावारीको महलको विपरित हुने गरी विवाह गर्न गराउन हुदैन ।

(छ) विदेशी मुलुकको स्थायी वसोवास तथा डि.भि को लागि आवेदन गर्नु हुदैन ।

(ज) पदाधिकारीले पदीय मर्यादामा आँच आउने गरी कुनै समुह वा व्यक्तिसँग कानून विपरित वार्ता गर्ने, संम्झौता गर्ने कार्य गर्नु गराउनु हुदैन ।

## भाग-३

## प्रचलित कानून बमोजिम पालन गर्नुपर्ने आचारहरु

**१०. प्रचलित कानूनको प्रभावकारी कार्यान्वयन :**

(१) नेपालको संविधान, प्रचलित संघीय तथा प्रदेश कानून, अदालतको निर्णय वा आदेश तथा कानून बमोजिम संघ वा प्रदेशले दिएको निर्देशनको सम्मान र पालना गर्न र सोको तत्परतापूर्वक प्रभावकारी कार्यान्वयन गरिनेछ ।

(२) प्रचलित कानून बमोजिम पदाधिकारीहरुको सम्पत्ति विवरण बुझाउने तथा सार्वजनिक गरिनेछ ।

(३) पदाधिकारीले प्रचलित कानून बमोजिम स्थानीय तहको बेरुजु तथा पेश्की फछ्यौँटको कार्यमा जिम्मेवारी बहन गर्नु पर्नेछ ।



**११. अख्तियार दुरुपयोग तथा भ्रष्टाचार निवारण सम्बन्धी कानूनको कार्यान्वयनमा सहयोग :**

(१) स्थानीय तहका पदाधिकारीहरुले प्रचलित कानून बमोजिम भ्रष्टाचार वा अख्तियारको दुरुपयोग हुने किसिमका आचारहरु गर्नु वा गराउनु हुदैन् ।

(२) स्थानीय तहमा प्रचलित कानून बमोजिम अख्तियारको दुरुपयोग ठहरिने कुनै काम वा व्यवहार भएमा सम्वन्धित निकायमा जानकारी दिनुपर्नेछ र सम्बन्धित निकायबाट हुने छानविन, अनुसन्धान तथा जाँचबुझमा सहयोग गर्नुपर्नेछ ।

(३) आफुले थाहा पाएको भ्रष्टाचार मानिने कार्यहरुको सूचना दिने र लिने गर्नु पर्दछ, त्यस्तो सूचना लुकाउन र लुकाउन सहयोग गर्नु हदैन ।

(४) आफ्नो कार्य सम्पादन गर्दा स्वार्थको द्धन्द्ध देखिन सक्ने बाह्य क्रियाकलाप, रोजगारी, लगानी, सम्पत्ति, उपहार, वा लाभ लगायतका कुराहरु बारे स्पष्ट गरी कार्य सम्पादन गर्नु पर्दछ ।

(५) भ्रष्टाचारबाट आर्जित सम्पत्ति राख्ने, लुकाउने तथा प्रयोग गर्ने जस्ता कार्यलाई दुरुत्साहन गर्नु पर्दछ ।

(६) भ्रष्टाचारबाट आर्जित सम्पत्तिको खोजतलास, रोक्का, स्थानान्तरण, नियन्त्रण, जफत एवं फिर्तासम्बन्धी कार्यमा सहयोग पुर्‍याउनु पर्दछ ।

(७) आफुले आफ्नो परिवारको नाममा कुनै जायजेथा खरीद गर्दा सार्वजनिक गर्नु पर्नेछ ।

**१२.निर्वाचन आचारसहिताको पालन गर्नुपर्ने :**

(१) स्थानीय तहका जनप्रतिनिधिहरुले निर्वाचनका बखत पालन गर्नुपर्ने आचारहरु निर्वाचन आयोगले तोके बमोजिम पालन गर्नु पर्नेछ ।

(२) स्थानीय निकायका पदाधिकारीहरुले निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन तथा पालन गर्न गराउन सहयोग गर्नुपर्नेछ ।

(३) स्थानीय तहका पदाधिकारीहरुले आफ ओहोदाको आधारमा प्राप्त सुविधाहरु निर्वाचन प्रचार प्रसार वा सोसँग सम्बन्धित प्रयोजनका लागि आफु वा अरु कसैबाट प्रयोग गर्न वा गराउनको लागि दिनु हुदैन ।

(४) निर्वाचन प्रयोजनका लागि यस्तो सुविधा दिन वा लिनका लागि स्थानीय तहहरुबाट संस्थागत रुपमा कुनै निर्णय गर्नु वा गराउनु समेत हुदैन ।



Scanned with CamScanner

**१३. आचारसहिताको कार्यान्वयनका लागि आवश्यक सहयोग गर्नुपर्ने :**

(१) आचारसंहिताको कार्यान्वयन तथा सार्वजनिकीकरणका लागि देहायमा उल्लेखित व्यवस्थाहरु गर्नुपर्नेछ ,

**(क) आचारसहिताको कार्यान्वयन समितिको व्यवस्था गर्ने :** कार्यपालिकाले प्रमुख वा कार्यपालिकाले तोकेको सदस्यको संयोजकत्वमा आचारसंहिता कार्यान्वयन समिति गठन गर्नेछ । सो समितिले नियमित रुपमा आचारसंहिता कार्यान्वयनको पक्षलाई सहयोग पऱ्याई कार्यपालिकाको वैठकमा नियमित प्रतिवेदन दिनु पर्नेछ ।

**(ख) अनुगमन समितिलाई सहयोग पऱ्याउनु पर्ने :** यस आचरसहिताको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन समितिलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराउनेछ ।

(२) पदाधिकारीले आफ्नो कार्यविभाजन तथा कार्यसम्पादन नियमावलीको व्यवस्था बमोजिम जवाफदेही, पारदर्शी सेवा प्रवाहको प्रवन्ध गर्न देहाय बमोजिम गर्न गराउन आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(क) नागरिक वडापत्र बमोजिम कार्य सम्पादन गर्नुपर्ने, नागरिक वडापत्र सम्वन्धित सबैको जानकारीका लागि सबैले देख्ने ठाँउमा टाँस गर्नु गराउनु पर्नेछ ।

(ख) स्थानीय तहले नागरिक वडापत्रमा उल्लेख भए अनुसार छिटो छरितो सेवा प्राप्त नभएमा सो उपर गुनासो सुनुवाई हुने र छानविनबाट सेवाग्राही पक्षलाई कुनै क्षति वा हैरानी व्यहोर्नुपरेको देखिएमा पिडितलाई उचित उपचार र क्षतिपूर्ति उपलब्ध हुने व्यवस्था गर्नु गराउनु पर्नेछ ।

(३) कुनै पनि पदाधिकारीले आफुकहाँ आएको गुनासो तत्कालै सुन्ने व्यवस्था मिलाई फर्छ्यौट गर्नु पर्नेछ ।

## भाग-४

## आचारसहिताको पालन गर्ने गराउने व्यवस्था

**१४. आचारसहिता अनुगमन समितिको गठन :**

(१) कुनै पदाधिकारीले यस आचारसंहिता तथा अन्य प्रचलित संघीय, प्रदेश र स्थानीय कानून बमोजिम पालन गर्नुपर्ने आचारहरु उल्लंघन गरे नगरेको सम्वन्धमा जाँचबुझ तथा अनुगमन गर्नका लागि सभाले सभाका सदस्यहरुमध्येबाट देहाय बमोजिमका पदाधिकारी रहेको एक आचारसंहिता अनुगनमन समितिको गठन गरिनेछ ।

(क) सभाका सदस्यहरुले आफूमध्येबाट छनौट गरेको कम्तिमा एक जना - संयोजक



(ख) सभाका सदस्यहरुले आफूमध्येबाट छनौट गरेको कम्तिमा एक जना महिला सहित दुई जना - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको स्थानीय तहको एक जना कर्मचारी - सदस्य-सचिव

(२) अनुगमन समितिका संयोजक, सदस्य तथा सचिवमाथि नै यस आचारसंहिताको उल्लंघन उजुरी परी निर्णय गर्नुपर्ने अवस्था भएमा सो विषयको छलफल, जाँचबुझ तथा निर्णय प्रकृयामा निज सहभागी हुन पाउने छैनन् ।

(३) यस आचारसंहिताको संयुक्तरुपमा उल्लंघन गरेको भनी अनुगमन समितिका संयोजक, सदस्यहरु तथा सचिवमाथि कुनै उजुरी परेकोमा त्यस उपर सम्वन्धित कार्यसमितिले छानविन गरी त्यसपछि बस्ने सभाको बैठकमा पेश गुर्नपर्नेछ ।

(४) अनुगमन समितिका सदस्यहरुको पदावधि पाँच वर्षको हुनेछ । तर स्थानीय तहको कार्यकाल समाप्त भएको अवस्थामा यस समितिको पदावधि स्वत : समाप्त भएको मानिनेछ ।

**१५. अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार :**

(१) अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ,

(क) कुनै पदाधिकारीले आचारसंहिता उल्लंघन गरे, नगरेको सम्वन्धमा उजुरी परेमा वा जानकारी हुन आएमा सो उपर जाँचबुझ तथा छानविन गर्न सक्ने ।

(२) अनुगमन समितिका सदस्यहरुले स्थानीय तहको सिफारिश तथा आमन्त्रणमा स्थानीय तहको जनुसुकै वैठकमा उपस्थित भई आफ्नो कामका विषयमा जानकारी दिने सक्नेछन् ।(३) अनुगमन समितिको कामको लागि आवश्यक जनशक्ति, काम गर्ने ठाँउ, सामग्री तथा उचित वातावरण वनाईदिने सम्वन्धित स्थानीय तहको हुनेछ ।

**१६. अनुगमन समितिको बैठक तथा कार्यविधि :**

(१) अनुगमन समितिको कार्य सञ्चालन विधि देहायमा उल्लेख भए अनुसार हुनेछ,

(क) अनुगमन समितिको बैठक आवश्यकता अनुसार वस्नेछ ।

(ख) अनुगमन समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

(ग) अनुगमन समितिले कारवाही गर्दा सम्वन्धित पदाधिकारीलाई सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ ।



Scanned with CamScanner

(घ) अनुगमन समितिले जाँचबुझबाट देखिएको बिवरण सहितको राय प्रतिवेदन सम्वन्धित कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(२) अनुगमन समितिको बैठक तथा जाँचबुझ सम्वन्धि अन्य कार्यविधि समिति आफैले तोक्न सक्नेछ ।

**१७. अनुगमन समितिका सदस्यहरुको सेवा तथा सुविधा :**

अनुगमन समितिका सदस्यहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु स्थानीय तहले तोके बमोजिम हुनेछ ।

**१८. उजुरी :**

(१) स्थानीय तहको कुनै पदाधिकारीले पेशागत आचार उल्लंघन गरेकोमा त्यस विषयमा आचारसंहिता अनुगमन समिति समक्ष उजुरी दिन सकिनेछ ।

(२) माथि (१) बमोजिम दिइने उजुरीमा कुन पदाधिकारीले कुन आचार उल्लंघन गरेका हो सोको आधारमा प्रमाण खुलाउनु पर्नेछ । स्थानीय तहले उजुरी फारामको नमूना बनाई सबैले सजिलै प्राप्त गर्नसक्ने स्थानमा राख्नुपर्नेछ ।

(३) उजुरीको सम्वन्धमा कारवाही माग गर्दा अनुगमन समितिले उजुरीकर्तासँग थप विवरण वा कागजात माग गर्न सक्नेछ ।

**१९. गोप्य राख्नुपर्ने :**

(१) अनुगमन समितिले उजुरीकर्ताको नाम गोप्य राख्नु पर्नेछ ।

(२) प्राप्त उजुरीका आधारमा कुनै पदाधिकारीमाथि लागेको आरोपमाथि छानविन जारी रहेको अवस्थामा आरोपित पदाधिकारीको नाम समेत गोप्य राख्नु पर्नेछ

**२०. जाँचबुझ :**

(१) यस आचारसंहितामा उल्लेखित आचारहरुको उल्लघंन गरेको विषमा अनुगमन समितिको राय सुझाव वा प्रतिवेदन आवश्यक कारवाहीका लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ । प्रतिवेदन पेश गर्नुपूर्व सो समितिले देहायका प्रकृयाहरु पूरा गर्नु पर्नेछ ।

(क) कुनै पदाधिकारीका विरुद्ध आचारसंहिता उल्लघंन गरेको कुनै उजुरी परेकोमा वा कुनै जानकारी प्राप्त भएकोमा त्यसको आधारमा अनुगमन समितिले कार्वाही गर्न आवश्यक छ वा छैन भनी जाँचबुझ गर्न वा गराउन सक्ने,



(ख) जाँचबुझ गर्दा कुनै पदाधिकारी उपर कारवाही गर्नुपर्ने देखिएमा अनुगमन समितिले त्यस्तो पदाधिकारीलाई सफाई पेश गर्न उचित मौका दिनुपर्नेछ

(ग) सफाई पेश गर्ने मौका दिंदा सम्वन्धित पदाधिकारी विरुद्ध लागेको आरोप र त्यसको आधारहरु प्रष्ट गरी आवश्यक कार्वाहीका लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने,

**२१. अनुगमन समितिको सिफारिश कार्यान्वयन गर्ने :**

(१) अनुगमन समितिले यस आचारसंहितामा उल्लेखित कुराहरुको पालन भए नभएको सम्वन्धमा आवश्यक राय, सुझाव तथा सिफारिश सहित कार्यान्वयनका लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(२) अनुगमन समितिबाट प्राप्त प्रतिवेदन तथा राय, सुझाव र सिफारिश उपर कार्यपालिकामा छलफल गरी आवश्यक निर्णय सहित कार्यान्वयन गर्नुपर्नेछ ।

(३) आचारसंहिताको पालनका विषमा स्थानीय तहमा छलफल हुंदाका बखत सम्वन्धित पक्षका प्रतिनिधिहरुलाई सहभागी गराउन सकिनेछ ।

**२२. आचारसंहिताको उल्लंघनमा सजाय :**

(१) यस आचारसंहिताको कार्यान्वयन गर्दा स्थानीय तहबाट सजायको रुपमा देहायमा उल्लेखित एक वा सो भन्दा बढी प्रकृयाहरु अपनाउन सकिनेछ ।

(क) सम्वन्धित पदाधिकारीलाई सचेत गराउने ।

(ख) आलोचना तथा आत्मालोचना गर्न लगाई सोको जानकारी सार्वजनिक गर्न लगाउने ।

(ग) सार्वजनिक सुनुवाइका लागि सार्वजनिक गर्ने, गराउने ।

(घ) प्रचलित ऐन कानूनको उल्लंघन भएका अवस्थामा सम्वन्धित निकायमा सूचना दिने र आवश्यक कार्वाहीका लागि लेखी पठाउने ।

(२) आरोपित पदाधिकारीमाथि भएको कुनै पनि कार्वाहीका विषयमा निज कुनै राजनीतिक दलसंग आवद्ध भएको हकमा सम्वन्धित राजनीतिक दललाई जानकारी गराउनुपर्नेछ ।

**२३. कार्वाहीको विवरण सार्वजनिक गर्नुपर्ने :**

आचारसंहिताको कार्यान्वयनका सम्वन्धमा पदाधिकारीमाथि भएको कार्वाही विवरण आमजानकारीका लागि स्थानीय तहको सूचनापाटी र स्थानीय



Scanned with CamScanner

पत्रपत्रिकामा प्रकाशित गर्नुपर्नेछ। सोको जानकारी राजनीतिक दलहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, निर्वाचन आयोग, प्रदेश सरकारको सम्वन्धित विभाग/निकाय, स्थानीय प्रशासनलाई गराउनुपर्नेछ

## भाग-५

## विविध

**२४. आचारसंहिताको पालन गर्नु पदाधिकारीको कर्तव्य हुने :**
यो आचारसंहिताको पालना गर्नु पदाधिकारीको जिम्मेवारी तथा कर्तव्यको एक अभिन्न अंगको रुपमा रहनेछ।

**२५. पदाधिकारीलाई आचारसंहिताको जानकारी दिनुपर्ने :**
यो आचारसंहिता स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुलाई अनिवार्य रुपमा जानकारी दिई हस्ताक्षर गराई लागू भएको जानकारी सार्वजनिक गर्नुपर्नेछ।

**२६. आचारसंहिता बारेमा जानकारी गराउने :**
(१) स्थानीय तहका पदाधिकारीको यो आचारसंहिता तथा यस आचारसंहितामा समय समयमा भएको संशोधनको विवरण तथा आचारसंहिताको कार्यान्वयनको विवरणहरुको जानकारी वार्षिकरुपमा स्थानीय तहका राजनीतिक दलहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा प्रदेश सरकारका सम्वन्धित निकायलाई गराउनुपर्नेछ।
(२) यस आचारसंहिताको दफा १४ बमोजिम गठित अनुगमन समितिले आफ्नो वार्षिक प्रतिवेदन सभाको सम्वन्धित समिति मार्फत सभामा पेश गर्नुपर्नेछ।

**२७. आचारसंहिताको कार्यान्वयनमा राजनीतिक दलको सहयोग :**
(१) कुनै पदाधिकारीवाट यस आचारसंहिताको उल्लंघन भएको ठहर भएमा निज माथि लागेको आरोप तथा सो सम्वन्धमा सिफारिश भएको कारवाही विवरण समेत निज सम्वद्ध राजनीतिक दललाई जानकारी गराउनुका साथै सार्वजनिक समेत गर्नुपर्नेछ।
(२) जाँचबुझका आधारमा पदाधिकारी उपर कारवाहीका लागि भएको सिफारिशको कार्यान्वयन गर्ने वा सचेत गराउने काममा सरकारी निकाय एवं राजनीतिक दलहरुको सहयोग लिन सकिनेछ।

**२८. आचारसंहितामा संशोधन :**
(१) नगरसभावाट आचारसंहिताको संशोधन गर्न सकिनेछ।



(२) आचारसंहितामा भएको संशोधनको जानकारी सम्वन्धित सवै पदाधिकारी, कर्मचारी, तथा सरोकारवालाहरुलाई दिनुपर्नेछ।
(ख) जाँचवुझ तथा छानविनका सिलसिलामा समाव्स्वान जारी गर्ने र साक्षी प्रमाण वुझ्ने अधिकारी हुने।
(ख) जाँचवुझ तथा छानविनका सिलसिलामा समाव्स्वान जारी गर्ने र साक्षी प्रमाण वुझ्ने अधिकारी हुने।
(३) निर्वाचन आचारसंहितामा भएको संशोधनको व्यहोरा आमजनताको जानकारीका लागि सार्वजनिक गर्नुपर्नेछ।
(४) नगरपालिकाले आफ्नो स्थानीय विशिष्ठता, कार्यप्रकृति र आवश्यकतानुसार यस आचारसंहितामा समय समयमा थप व्यवस्था समावेश गरी लागू गर्न सकिनेछ।

आज्ञाले,
तुल्सीराम गैरे

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

स्वर्गद्वारी नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ५ मितिः २०७४/०६/४

भाग-१

स्वर्गद्वारी नगरपालिका

प्रदेश नं. ५

प्यूठान

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम नगरकार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको ऐन/नियम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०७४ सालका ऐन/नियम संख्या : ५

## नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४

नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरि स्वर्गद्वारी नगरपालिकाको नगर कार्यपालिकाले आफ्नो कार्य विभाजनका लागि मिति २०७४।०४।१८ को निर्णय अनुसार देहायका नियमहरु बनाएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस नियमावलीको नाम "स्वर्गद्वारी नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा -

(क) "प्रमुख" भन्नाले स्वर्गद्वारी नगर कार्यपालिकाको प्रमुख सम्झनुपर्छ ।



Scanned with CamScanner

(ख) "उपप्रमुख " भन्नाले स्वर्गद्वारी नगर कार्यपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग) "कार्यपालिका " भन्नाले स्वर्गद्वारी नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) "कार्यकारी अधिकृत " भन्नाले स्वर्गद्वारी नगरपालिकाको कार्यकारी अधिकृत सम्झनुपर्छ ।

(ङ) "नगरपालिका " भन्नाले स्वर्गद्वारी नगरपालिका सम्झनुपर्छ ।

(च) "विषयगत शाखा" भन्नाले स्वर्गद्वारी नगर कार्यपालिका अन्तर्गतको विषयगत शाखा, उपशाखा, कार्यालय वा इकाइलाई सम्झनुपर्छ । यस शब्दले संविधान बमोजिम नगरपालिकालाई तोकिएको कार्यसम्पादन गर्नका लागि नगर कार्यपालिका अन्तर्गत रहने शिक्षा, स्वास्थ्य, कृषि,वन, विकास जस्ता विषयक्षेत्रगत कार्यालय वा इकाइलाई समेत सम्झनु पर्छ ।

(छ) "वडा सचिब " भन्नाले स्वर्गद्वारी नगरपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडा सचिव सम्झनुपर्छ ।

(ज) "वडा समिति " भन्नाले स्वर्गद्वारी नगरपालिकाको वडा समिति सम्झनु पर्छ ।

(झ) "सदस्य" भन्नाले नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ । सो शब्दले नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख र वडा अध्यक्ष समेतलाई जनाउनेछ ।

(ञ) "सभा" भन्नाले स्वर्गद्वारी नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

**३. कार्य सम्पादन :**

(१) नगर कार्यपालिकाको कार्य सम्पादन नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय एवं बिषयगत शाखाबाट हुनेछ ।

(२) नगर कार्यपालिका अन्तंगत रहने विषयगत शाखा वा कार्यालय वा उपशाखा वा इकाईको विवरण अनुसुची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिमका विषयगत शाखाहरु र तिनीहरुको कार्य विवरण नगर कार्यापालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

**४ कार्य विभाजन : -**

१) नगर कार्यपालिकाको कार्यालय र बिषयगत शाखाबाट सम्पादन हुने कार्य अनुसुची २ बमोजिम हुनेछ ।

(२) नगर कार्यपालिकाको उपनियम (१) बमोजिमको विषयगत शाखाको काममा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

(३) वडा समितिबाट सम्पादन हुने कार्य अनुसूची ३ बमोजिम हुनेछ ।



(४) प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यको काम, कर्तव्य र अधिकार अनुसुची ४ बमोजिम हुनेछ ।

(५) प्रमुखले बिषयगत क्षेत्रको कार्यको लागि कार्यपालिकाको कुनै सदस्यलाई निजले गर्ने कार्यको क्षेत्राधिकार समेत तोकी जिम्मेवारी दिन सक्नेछ ।

(६) कार्यपालिकाले आफ्नो कार्यसम्पादनका लागि अनुसूची ५ बमोजिमको विषयगत समिति गठन गरि कुनै सदस्यको संयोजकत्वमा त्यस्तो समितिको कार्यक्षेत्र तोकी जिम्मेवी दिन सक्नेछ ।

**५ जिम्मेवारी तथा उत्तरदायित्व :**

(१) नगर कार्यापालिकाबाट सम्पादन भएका कामका लागि प्रमुख तथा सदस्यहरु सामुहिक रुपमा नगर सभाप्रति उत्तरदायी हुनेछन्

(२) नगर कार्यपालिकाका सदस्यहरु आफूलाई तोकिएको कार्यका लागि व्यक्तिगत रुपमा कार्यपालिका तथा प्रमुख प्रति उत्तरदायी हुनेछन ।

**६ अधिकार प्रत्यायोजन :**

(१) नगर कार्यपालिकाले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, सदस्य तथा मातहतका समिति, उपसमिति वा कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्रमुखले आफूलाई प्राप्त अधिकारमध्ये केहि अधिकार कुनै सदस्य वा कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) वडा समिति वा वडा अध्यक्षले आफुलाई प्राप्त अधिकार मध्ये केहि अधिकार वडा समितिका कुनै सदस्य वा वडा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**७. थपघट हेरफेर वा संसोधन :**

(१) कार्यपालिकाले यस नियमावलीलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संसोधन गर्न सक्नेछ ।

(२) कार्यपालिकाले उपनियम १ बमोजिम अनुसूची थपघट वा हेरफेर वा संसोधन गरेको बिषयको सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ ।

**८. बाधा अड्काउ फुकाउ :**

यो नियम कार्यान्वियनको सम्वन्धमा कुनै बाधा अड्काउ परेमा यस नियमावलीको भावनाको प्रतिकुल नहुने गरि कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ

**९. यसै बमोजिम भए गरेको मानिने :** यो नियमावली स्वीकृत हुनु पुर्व नगर कार्यपालिकाबाट सम्पादन भएका कार्यहरु यसै नियमावली अनुरुप भए गरेको मानिनेछ ।



Scanned with CamScanner

अनुसूची ९

नियम ३ को उपनियम (२) संग सम्बन्धित

**नगर कार्यपालिकामा रहने विषयगत शाखा, (शाखा कार्यालय, उपशाखा, इकाई) को विवरण :**

नगर कार्यपालिकाको आफ्नो राजश्वको क्षमता, खर्चको आवश्यकता, सेवा उपलब्ध गराउनु पर्ने, जनसंख्या तथा विकासका मुख्य मुख्य प्राथमिकता अनुरुप संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा तथा कार्यालय, उपशाखा वा इकाई निर्धारण गर्न सक्नेछ।

जनशक्तिको उपलब्धता तथा प्रशासनिक खर्चलाई ध्यान दिए एउटा विषयगत शाखा अन्तंगतको कुनै कार्यालय, उपशाखा वा इकाईले निल्दो अन्य विषय क्षेत्रको कार्य समेत सम्पादन गर्न सक्नेछ।

**१. सामान्य प्रशासन शाखा :**

(क) स्थानीय सेवा तथा जनशक्ति विकास उपशाखा

(ख) सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन उपशाखा

(ग) स्थानीय तह, प्रदेश र संघ संगको सम्बन्ध र समन्वय तथा

घ) बैठक व्यवस्थापन उपशाखा

(ङ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्यसुरक्षा र उपभोक्ता हित संरक्षण उपशाखा

(च) आन्तरिक लेखा परिक्षण शाखा

(छ) विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधि तथा विभुषण इकाई

वडा संगको समन्वय उपशाखा

- ➢ थानीय सेवाको व्यवस्थापनमा सुचना तथा संचार प्रविधिको उपयोग, प्रर्वद्धन र नियमन
- ➢ मानव संसाधन विकासका लागि अल्पकालिन तथा दिर्घकालिन योजना तर्जुमा
- ➢ नगरपालिकामा सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दि आदीको व्यवस्था
- ➢ स्थानीय शान्ती समिति सम्वन्धि कार्यहरु

(ख) सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन उपशाखा

- नगरपालिकाको लागि सार्वजनिक खरिद तथा अन्य बन्दोवस्तीका सामान सम्वन्धि विषय
- सेवा तथा निर्माण व्यवसायको संचालन तथा व्यवस्थापन



- नगरपालिका भित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय, पूर्वाधार, उद्योग, खानी तथा खनिज, वनको विवरण सहितको अद्यावधिक अभिलेख
- नगरपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख
- नगरपालिका स्थित सरकारी सम्पत्तिको एकिकृत विवरण

**२.राजश्व तथा आर्थिक प्रशासन शाखा**

(क) राजश्व निति तथा प्रशासन उपशाखा

(ख) आर्थिक प्रशासन उपशाखा

**३. शहरी पूर्वाधार विकास शाखा**

(क) सडक तथा यातायात व्यवस्था उपशाखा

(ख) जलविद्युत, उर्जा, सडक बत्ति उपशाखा

(ग) सिंचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रण उपशाखा

(घ) सूचना तथा संचार प्रविधि विकास तथा बिस्तार र एफ.एम. संचाल उपशाखा

(ङ) खानेपानी व्यवस्थापन उपशाखा

- (च) सार्वजनिक निजी साझेदारी इकाइ
- (३) विषयगत समितिबाट सम्पादन हुने कामका लागि समितिका संयोजक तथा सदस्यहरु सामुहिक रुपमा कार्यपालिका प्रति उत्तरदायी हुनेछन।
- (४) वडा अध्यक्ष आफुले गर्ने कामका लागि कार्यपालिका, प्रमुख तथा वडा समितिप्रति र वडा समितिबाट गरिने कामका लागि सामुहिक रुपमा कार्यपालिका र सभाप्रति उत्तरदायी हुनेछ।

**४. आर्थिक विकास शाखा**

(क) कृषि पशुपंछि तथा सहकारी कार्यालय

(ख) उद्योग तथा उद्यमशिलता विकास उपशाखा

(ग) रोजगार प्रर्वद्धन तथा गरिवी न्यूनिकरण उपशाखा

**५. सामाजिक विकास शाखा**

(क) आधारभुत तथा माध्यामिक शिक्षा कार्यालय

(ख) खेलकुद तथा अतिरिक्त क्रियाकलाप इकाई

(ग) आधारभुत स्वास्थ्य तथा सरसफाई कार्यालय

(घ) लैंगिक समानता तथा सामाजिक सुरक्षा उपशाखा

- लैंगिक समानता इकाई



Scanned with CamScanner